त्रिभूवन त्रिशूली माध्यामिक विद्यालयको संक्षिप्त इतिहास

लेखकः चक्रमान शाक्य (हस्तलिखित पाण्डूलिपि)

पाण्डूलिपि संरक्षकः उमंग शक्य, हाथीगौंडा, खिन्च्यात बाग बगैचा, वि.न.पा.-८, नुवाकोट, वागमती, नेपाल

वि.स. २००७ साल चैत्र ९ गते तदनुसार सन १९५१ मार्च २२कादिन स्थापित विद्यालय
नमूना स्कूल, मिडिल स्कूल, हाइ स्कूल त्रिभूवन त्रिशूली व्यावसायिक माध्यामिक विद्यालय हुँदै त्रिभूवन त्रिशूली माध्यामिक विद्यालयमा रुपान्तरण भएका थिए। विद्यालय सन्चालनका लागि सरकारबाट स्वीकृति प्राप्त गर्ने, भवन निर्माणका लागि जग्गाको प्राप्ति, सहयोग आर्थिक संकलन लगायत कार्यमा निरन्तर कृयासील श्रद्धेय शिक्षाप्रेमी तथा शिक्षासेवी स्व. श्री चक्रमान शाक्यज्यू स्वयंको हस्तलिखित यो विद्यालयको इतिहास बताउने ऐतिहासिक सामग्री अप्रकाशित पाण्डूलिपिको छविचित्रहरू त्रिभूवन त्रिशूली व्यावशायिक माध्यामिक विद्यालयका संस्थापक स्व. चक्रमान शक्यका सुपत्र उमंग शाक्यबाट प्राप्त भएको हो। आफूले कक्षा-१ देखि एसएलसी सम्म विद्या आर्जन गरेको विद्यलयको यो महत्वपूर्ण ऐतिहासिक हस्तलिखित सामग्रीका संरक्षण साथै विद्यालयको इतिहास नमेटियोस भन्ने हेतुले यो पिडिएफ स्वरूपमा विद्यालयको इतिहासको जानकारी सर्वसुलभ होउन भन्ने उद्देश्यले यो पिडिएफ प्रकाशित गरिएको हो।

अजितमान तामाङ,

त्रिशूली, कलोनी,

खीन्च्यात बागबगैचा, **वि.न.पा.-९,**

नुवाकोट जिल्ला, बागमती प्रदेश, नेपाल

(प्रकाशित मिति १ असोज २०८०)

(त्रिभूवन त्रिशूली व्यावसायिक माध्यामिक विद्यालयको महा भुकम्प-२०७२ अघिको स्वरूप)

(त्रिभूवन त्रिशूली व्यावसायिक माध्यामिक विद्यालयको पुरानो स्वरूप)

(त्रिभूवन त्रिशूली व्यावसायिक माध्यामिक विद्यालयको महाभूकम्प २०७२ बाट क्षेतिग्रस्त स्वरूप)

(तस्विरहरू: विद्यालयको फेसबुकभित्ताबाट प्राप्त गरिएको हो)

भूमिका

यो कुनै महापुरुषको जीवनी होइन, न त कुनै साहित्यकारको रचना। यो हो एउटा आवासीय माध्यमिक विद्यालयले प्रगति पथमा लम्कँदा गरेको संघर्षको वर्णन। ~~पाँच, सात वर्षसम्म लेखेर प्रकाश गर्दा त्यसै लामिएर गएको यो लेख हो अनुभूतिपरक~~। हुनसक्छ तपाईंलाई यो निरस र स्वादहीन। मेरा लागि भने यो केही होइन, सिर्फ हर्ष र उमङ्गका लहर।

बहुजन हिताय गरिएको दुःख कष्टको सफलताले ल्याएको, जसबाट यो सम्भव छ, उसलाई असाधारण आनन्दको अनुभव हुनु स्वाभाविकै हो। यसमा लेखिएका हरफहरू त्यसै आनन्द, अपरिमित र अद्भुत आनन्दले विभोर भएर कोरिएका धर्काहरू हुन्।

लेखक

त्रिभुवन त्रिशूली व्या.मा. विद्यालय
एक परिचय

कुनै पनि महत्वपूर्ण सामाजिक कार्यको शुभारम्भमा जति हर्ष र उल्लास हुन्छ त्यति नै हैरानी र निराशा सफलताको लागि प्रयत्न गर्दा हुन्छ भन्ने त्रिभुवन त्रिशूली मिडिल स्कूल (वर्तमान त्रिभुवन त्रिशूली व्यावसायिक माध्यमिक विद्यालय) को संस्थापन र संरक्षण गर्दा मलाई अनुभव भयो ।

२००७ सालको जनक्रान्ति हुनुपछि एक महिना २००७ साल चैत्र देखि आराम गरेर यस स्कूलको संस्थापन गरें । त्रिशूलीवासी बिल्कुलै अन्धकारमा थिए । शिक्षाको चाहनापनि (अंग्रेजी पढ्नसम्म गर्ने) थोरै थोरै लडकाहरू थिए । तिनीहरूका अभिभावकहरूलाई अल्पमात्रामा शिक्षाको चाहना थियो, जति भाइलेका अभिभावकहरू छ । मिडिल स्कूल सुहाँदो विद्यार्थी संख्या भएन भने सरकारी स्वीकृति पाउन मुश्किल हुन्छ । यसैले वर ८, १० जना धनी परिवारका लडकाहरू बाट पाइएको ५०, ६० रुपैंमा मासिक फी मात्र भएर छात्रसंख्या बढाउन सबैलाई निशुल्क पढाएँ । निशुल्क शिक्षादिने गर्दा आम

विद्यार्थी संख्या बढ्दै आयो । लाभहानी, मान अपमान
केही कुराको पर्वाह नगरीकन तनमन दिएर काम गर्दै
गयौं । जवानीको जोश थियो । वैंशको बल थियो । सेवा
भावनाले प्लावित हृदय थियो । केही कुराले पनि मन वि-
चलित भएन । स्कूल सुचारु रूपले चल्न लाग्यो । उस-
बेला यो शरीरले गरेको परिश्रम सम्झँदा आजैले मला-
ई आश्चर्य लाग्छ । प्रातः स्मरणीय स्वराष्ट्रपिता श्री ५
त्रिभुवनको पुण्य प्रतापले, पोहोति, त्यसरी सेवा गर्न सकेको थिएँ ।
स्कूलभवनको अभाव मात्र होइन, अत्यावश्यक फर्निचर
(डाडी र घण्टी) समेत पनि थिएनन् । आलि आलि परिवारका पुराना
विद्यार्थीहरू पनि भएकाले चाँडैनै पुकक्षासम्म भयो ।
पाँचौं कक्षामा एक एक विषय पढाइ सके पछि एक Peri-
od सिद्धिएको मान्थें, चार विषय पढाइ सके पछि अवकाश
(Interval) गर्थें । पूरा एक घण्टा आराम गरिसके पछि
फेरि पढाइ शुरु ~~गर्थें~~ हुन्थ्यो । यसै हिसाबले पढाइ चालु भइ-
रहेको थियो । पछिबाट हरिबहादुर श्रेष्ठ, पाँचकक्षासम्म
पढेको एक युवक को मद्दत मिल्यो । विहान उसलाई
आफूले पढाइ दिने, दिउँसो उसले स्कूलमा मद्दत गर्ने

सर्त थियो । सो मुताबिक उसले एक दुई कक्षामा सकेको मद्दत गऱ्यो । यसबाट मलाई निकै सुविधा भएको थियो । तर दुःखको कुरा, धेरै समय सम्म स्कूलले उनको सेवा पाउन सकेन । चाँडै उनको देहान्त भयो । उनको निधनमा स्कूलले सुभाषपुस्तकालयमा शोक मनाइयो ।

येनकेन प्रकारेण स्कूल चलिरहेको थियो । भवनको अभावले गर्दा ठाउँको ठेगान थिएन । तिन ताक त्रिशूलीमा नदीकिनारमा र बजारमा पसल जस्ता क बस्ने पौवाहरू थिए । ती पौवाहरूमा कहिले कता कहिले कता स्कूल सारिंदै पढ्यौं । यसै समयमा त्रिशूलीका एक प्रतिष्ठित व्यक्ति साहू तुलसीदासका मालको एक टुक्रा जग्गा यतै कतै परिरहेको बुझियो । पिपलटार चारघरेको पुछारमा, बजार देखि पनि नजिक, मूल बाटोको छेउमा परेको, अन्दाजी दुई रोपनि भएको, सो जग्गा प्राप्त गर्न साहूजी संग निवेदन गरें । बयोवृद्ध साहू श्री तुलसीदास अमात्य ममाथि केहि श्रद्धाको दृष्टिले हेर्नु हुन्थ्यो । पाटनमा उहाँको

र मेरो घर एउटै टोलमा भएपनि हुन्छ "यो त्रिशूली आउनु पर्ने मानिस होइन । घरमा बन्दव्यापार चलिरहेको छ । बजारको भलाइको लागि यसले यहाँ दुःख पाइ-रहेको हो" भन्ने उहाँ महसुस गर्नु हुन्थ्यो । म कहिले काहीं साहुजी मलाई आफूकहाँ बोलाउनु हुन्थ्यो र केहि जग्गाको गफसफ पनि हुन्थ्यो । मैले सो जग्गाको लागि निवेदन गर्दा साहुजीले जवाफदिन विलम्ब गर्नु भएन । "जग्गाको मोल तीन हजार परेको छ । आधा मोल स्कूलको लागि म चन्दा स्वरुप दिन्छु । आधा मूल्य दिई दिनुहोस ।" बजारमा चन्दा मागेर जग्गाको आधामोल जम्मा गरी भलाइ-जीकहाँ गएँ । "जग्गाको आधामोल लिएर बिक्री गरेको भन्ने भनाइ किन पार्नु हुन्छ ? एक पैसा पनि नलिनुहोस" श्री मोहन विक्रमदेवजू जोशीको यो सुझाव उहाँले ठीक सम-झनु भयो । साहुजीले जग्गा चन्दा दिनुभयो । चन्दा उठेको रुपैयाँ जसजसले जतिजति दिएको थियो फिर्ता गरें । स्व. साहु श्री तुलसीदास अमात्य स्कूलप्रति श्रद्धा राख्नेहरु मध्ये अग्रगण्य हुनुभयो । यहि संचालक समि-तिले उहाँलाई आजीवन सदस्यता प्रदान गरियो ।

कण्टकमय रास्तामा पादभजन थालें आफ्नो निर्दिष्ट ~~[illegible]~~ स्थानमा पुग्न थालिरहेँ। स्कूलले अनेक यातना सहेर प्रगतितिर लम्कन जवरजस्ति गरिरहेको थियो। म नैराश्य-समुद्रमा पौंडी ढुंगा चलाउने अकेलो माझी जस्तै थिएँ। ढुङ्गा पार लाउन सक्दैन कोही ठेकाना थि-एन मेरा ~~[illegible]~~ शरीर-इञ्जिनमा सञ्चालनपानि इन्धन सकियो। श्रीमतीको टेक, बुंगा, ओंठी, इत्यादि सबै सकिए भए। तिनीहरू मध्ये कोही बेरवासनको ज्यासलमा पुग्यो, कोही साहुकाजी साहु (तुलसीदास साहुका भाइ केशरीदास) को ढुकुटी पुग्न गए। कठोर परिश्रम र मितव्ययिताले स्वास्थ्य दिनपर दिन स्वास्थ्य बिग्रिँदै गयो। अब के गर्ने? यसको जवाफ दिने कोही थिएन। आफू पनि निष्कर्षमा पुग्न सकिन। बजारमा एकजना मेरा हितैषी व्यक्ति थियो जहाँ मेरो मान्यमान्य हुनुहुन्थ्यो। उहाँ बराबर मलाई भन्नुहुन्थ्यो, "बेकैमा किन यो दुःख भोगिरहे-को, धनजोर्न? बुढो बाबु स्कूलले सकिनसकिन ~~[illegible]~~ पसल चलाइरहेको छ। त्यो हुनसक्छु भन्ने यहाँ बासिन्दा तैले जे जति गरे पनि, कसैले त्यसको मुल्यांकन गर्ने छैन ~~[illegible]~~।"

आफ्नो हितैषी, आफ्नो बाबु भन्दा जेठो, पाको व्यक्तिको यो उपदेश मेरा आफ्नो निजि स्वार्थको लागि हितकर थियो । म उहाँलाई भन्थें, "दुई चार वर्षको कठिनाइले एउटा शिक्षण संस्थाको प्रगति हुन्छ भने म त्यो कठिनाइको सामना गर्नेछु ।" मेरो यो भनाई उहाँलाई मनपर्दैन थ्यो । उहाँ मप्रति असन्तुष्ट हुनु-भयो ।

दिउँसो भुटेको मकै अलिकति खान दियो । त्यही दुईजनाले आलि आलि खाएर, सबैको रातभरि निद्रा परेन । बच्चालाई (मञ्जुलाई) आमा बाहिरै एक कचौरा भात मागेर खुवाएको थियो । बच्चा मसंग निदाई । बच्चाकी आमालाई निद्रा पर्यो कि परेन त्यो मलाई थाहा भएन । मनमा कुरा खेलिरहेको थियो । 'अब के गर्ने ?" एकमनले भन्यो, "छोडिदेउँ यो स्कूल को संरक्षण । आफु भलो त जगत भलो । समाजको सेवा गर्नेको कदर हुँदैन । पैसा कमाउन सके मात्र मान, प्रतिष्ठा हुन्छ । धोक र खाकको मुहान पाने पैसै हो ।" अर्को मनले भन्यो, "मान र प्रतिष्ठाको लागि यो स्कूलको सेवा गरिरहे को होइन, बहुजनको हितको लागि हो । यो देशको लागि कति कति शहीद भए । मैले त शहीद हुनु परेको छैन ।

अलिकति भोकर प्यासको मात्र सामना गर्नु परेको हो।
फिर पनि हुदैन ! केहीलाई गोर मुद्रिदान लिन परे पनि
लिइँना । यो मान्छेले मागेर खायो, कसरीपाल भन्ने
अति नहो ! मेरो लागि हुदैन, उनीहरू मलाई को लागी
हो" निधार अक्षर, मनमा कुरा खेलिरहने रह्यो । कता
कता यहाँ मन्दिरमा ख्याल विचार आयो । त्यो कुरा
मन्दिरमा बहुना साथै मनमा शान्ति भयो ।

शिक्षा कति मूल्यवान छ, यसको ज्ञानका लागि कर्म-
चारीहरूलाई जति नेपालीहरूलाईनौं नुवाकोटमा प्रसार
विद्वान २,३ वटा रोजेर पढाई दिन गरे तिनीहरु बाट क्रम-
शः मदत मिल्ला । मनमा यो विचार आयो । उसलो
हुनासाथ नुवाकोट पसें । बडाहाकिम श्री गणेशमान
सिंह हुनुहुन्थ्यो । उहाँले यसकाममा मदत गर्नु भयो ।
भोलि पल्ट देखि करिब २५ जना केटाकेटीहरु जम्मा हुने-
छ । विद्वान ६ देखि ९ सम्म पढाउने निश्चय भयो ।
त्यो विद्वान बडाहाकिमको पहुँच गर्न धर्मा आएँ ।
भोलिपल्ट ६ बजे समयमा नुवाकोट पुगियो । पढाई चालु
भयो । दुई दुई पैसाको हिसाबले २५ जना विद्यार्थी
संगठित २०/- शुल्क असुल भयो । नुवाकोटमा पढाइको

८

~~त्रिविक्रम~~

आमदानीले ~~गुजारा चलाउन~~ त्रिदेवी स्कूल~~का~~को संरक्षण गर्न समर्थ भएँ। कहिले काहीं बडाहाकिम साहेबको ~~आज्ञा~~ आज्ञा मा रखवारा ~~त्रिशूलीमा~~ ~~...~~ त्रिशूलीमा गर्थें। करीब ५ हप्ता जति यस हिसाबले गुजारा भयो। पछि नुवाकोटमा १५ जना जति विद्यार्थीहरू घटेयो। ~~यसको एकमात्र~~ कारण कर्मचारीहरू~~को~~ बाहेक अरूहरूलाई ~~...~~ पढिलेख पढ्न इच्छा ~~भन्यो~~ भएन। मैले नुवाकोट जान छोडें। कहिलेकाहीं कोही मेरो लहरमार्गमा बाहिरै पाथ्यो।

~~...~~ विक्रम सम्वत २००६ सालमा सामाजिक~~...~~ ~~रीति~~ बटने रत्नमान वौद्धाचार्य~~को~~की छोरी संग मेरो विवाह पनि भएको थियो। ससुरा बराबर हाम्रोकहाँ आउने गर्नुहुन्थ्यो। उहाँ कहिले काहीं मात्र खालि हातले आउनुहुन्थ्यो। फुर्सतको अभावले कहिलेकाहीं आउन पाउन भने सामानहरू उहाँले खानेकुराहरू पठाइदिनु हुन्थ्यो।

एकदिनको कुरा, बिहान चुलोमा आगो बलेन। म भोकै स्कूल गएँ। ~~...~~ एकताकाई आमाचाहिंले कहाँबाट खाईर मलाई थाहा दिइन। एक बजे म डेरामा

झोलामा रुइटा कुम्लो ~~बि~~

आएँ। ~~ससुरा आइनु भएका रहेछ~~ बिसाई राखेको देखेँ। श्रीमतीले बा आइनु भएको छ भनिन्। खुशीले केही खानेकुरा ल्याएको ठीक भन्। कुम्लो खोलें। मसिनेल राखने रुइटा तिनको भाँडो, खानेतलरामले रुइटा ठेकी- त्यसमध्ये वटी कुम्लोमा केही पिरुन। म हिस्स परें। मलाई हाँसो उठ्यो। बेरवालले कहाँ पाएँ झिलिकोति रुपैंया मागें। आधादिनको ओ.को म। मेरो खल्ती लोकुरा जनायो। बेरवालले ~~[illegible]~~ पाँच.९८ रुपैंया दिए किनमेलगरेर देरामा गएँ। ~~[illegible]~~ दिउँसोमा पुग्दा बाबुहरी ~~के~~ कुरा गरिरहेका सुनें।

"तिमीहरूले भात खायौ कि छैन?

"........"

"सानीलाई के खायौ?"

"अगाडि माईलु कहाँ झिलिकोति भात मागे खाएँ"

"त्यहाँ कहाँ गएको त?"

"स्कुलमा, अन्त कहाँ जानु हुन्छ।"

"किन जाने स्कुलमा, पैसा छाडेर न।"

~~"खेतु के"~~ "खै, कुनि।"

⊗ सकिन सकिन कुरोले कलौले पनि चलाईरहेको थ्यो।

“पसलमा बाबुको हात एकदिन खालि हुन्न ⊗ ग्राहकले बाबुलाई हात खाली नगरिकन ~~पसलमा बसीसकेपछि~~, कि त यहाँ बसिरहेको निनसिला गर्वै कुनि”

“सिकाउँदिहोकि, पागलपो होकि यो ज्वाइँ। दुलाहा टिका लिएको पो होकि। जुवानखेल्ने, रक्सीनखाने, केमि- रायो होला त यो ज्वाइँले!

“खै कुनि”

म अरेंगबाट उक्लें। मलाई देख्नासाथ ससुरा ~~को~~ चुपलाग्नु भयो। अलिकति अप्ठ्यारो देखाउनुहुँदै ससुरा हाँस्नु भयो। मैले अभिवादन गरें। एक रात बसेर बिहान सबेरै ससुरा जानु भयो। त्यहिदिन ~~को~~ साँझमा एक ~~[illegible]~~ भारी चामल, ~~[illegible]~~ एकटेकी घिउ र चीजबीजहरु पठाईदिनु भयो। त्यसबाट १५ दिन जति गुजारान भयो।

त्रिशूलीबाट निकै रांगा भैंसी काठमाडौं लगिन्थ्यो। तत्काल त्रिशूली नदीमा एउटा साँघुरो झोलुंगा पुल थियो, जसबाट ~~[illegible]~~ रांगा भैंसीहरु तान नगरी थियो। त्यस ले जस्तोसुकै भय मा पनि व्यापारीहरुले रांगा भैंसी तैराएर त्रिशूली तारेर लानु पर्थ्यो। नदीको वारपार एउटा मोटोडोरी

टाँगीराखेको हुन्थ्यो । त्यो डोरी र सट्टा काँपेकाठको सहाराले राँगालाग्ने डोरी, जसमा कलिया टाम्लोहरू बाँधिराखेको हुन्थ्यो, वारपार गरिन्थ्यो । वारिराँगाका धनीहरूले टाम्लामा भएको टाम्लोमा आफ्नो वस्तुहरू बाँधेर र नदीमा झुल्थे । पारीवार व्यक्तिको आवश्यकतानुसार २०, २५, ३०, ४० जनाको मजदूरहरूले तान्थे । ~~[illegible]~~ राँगाहरू तानिँदै पोडिँदै पारी पुग्थे ।

यसमा ठेक्दार हुन्थ्यो । त्यसले सर्कारलाई ठेक्का लिनु पर्थ्यो । यस कामबाट ठेक्दाले सालिंदा २, ३ हजार रुपैयाँ कमाउँथ्यो । यो काम स्कूलबाट हुन सके स्कूललाई यसबाट अविच्छिन्न आयस्रोत भईरहन्छ । भनिचार मनमा आउनासाथ अर्थमन्त्रालयमा गएँ/आय, कर, ठेक्का विभागमा सम्पर्क राखेँ । माननीय अर्थमन्त्री श्री सुवर्णशमशेर ज.ब.रा. संग स्कूलको परिस्थितिको बेलिबिस्तार गरें । यसको जवाफमा मन्त्रीज्यूले भन्नुभयो, " यो ठेक्का चन्द्रशमशेरकै समयमा टोडिसकेको छ । मन्त्रालयको स्वीकृति लिरहनु पर्दैन । त्यो ईदसले गर्नु भए पनि केही आपत्ति छैन । "

वर्तमान सहयोग समितिका सचिव श्री चन्द्र बहादुर क्षेत्री र यो लेखकले एक दुईजना जस्ता व्यक्तिहरूसी तानेकाममा हस्तक्षेप गर्यौं। ठूलो झगडा भयो। हामीले अनेक गालिगलौज सह्यौं। यसको केहीदिन पछि श्री रत्नदेव शाक्यले दोरी लगाई दिनुभयो। हामीले पनि नदीको वारपार दोरी टाँग्यौं। तर समाजको स्वार्थलाई पर्वाह नराख्ने हामी केही हाँ अनिष्टकारी तत्वले स्कूलको पचासौं रुपैंया परेको दोरी रातमा जलाई दियो। त्यो केही वर्ष पछि बाध्य भएर तिनीहरूले यो आम्दानि स्कूललाई छोडिदिनु पर्‍यो।

स्कूलको संरक्षण गर्न मुश्किल भयो। हृदय-गगन नैराश्य बादलले व्याप्त भयो। किन यो दुःख भोगिरहने! अब स्थानीय जनताले यसको महत्व नबुझेपछि विदेशी केही ताकिता पारी हेरूँ, आर्थिक सहायता प्राप्त हुन्छ कि! यो कुरा मनमा उठ्ना साथ अफिस अफ् चिफ् इन्सपेक्टर अफ् स्कूल्स, सिंहदरबार लेखें — "स्कूलको संरक्षण गर्न मुश्किल पर्‍यो। केही आर्थिक सहायता दिइयोस्। सहायता दिन नमिल्ने भए

स्कूल बन्द पार्ने आदेश दिनुहोस् ।" इस्कूलदिन चिठी
जवाफ आयो- "अहिले आर्थिक सहायता दिन मिल्दै-
न । आगामि वर्ष बाट मात्र हुनेछ ।"
स्कूल त स्वीकृत हुने निश्चय भयो । तर आई-
ले .... ? हतोत्साही भए हालखुट्टा-
छोडिदिए सफल हुन लागेको काम भत्काउनु हुन्थ्यो
यदि मुठीदान लिएर भए पनि .... । भन्दै
बाध्य भएर मुठीदान पनि लिनु पर्‍यो ।
२००६ सालको नागपञ्चमीको दिन त्रियोग
कतैबाट सहायता मिल्छ कि भन्ने आशाले काठमाडौं
मा सवारी हुनेहरूको पछि गएँ । कतैबाट केही लाभ नभए
अन्तमा भगवानले रक्षा गरून् भन्दै केशरमहलमा
गएँ । डाक्टरसाहेब बाट कोलाहल भयो । केशर महलमा
जुमिवठक आगाडिको प्राइभेट कोठामा जनरल केश-
र शमशेर संग कुरा भयो । त्रिशूलीको वातावरण र
स्कूलको अवस्था बारे कुरा निवेदन गर्नु भई जनरल केशर
शमशेर प्रभावित हुनु भयो । उहाँले भन्नु भयो, "मैले
त्रिशूली दुई चोटी देखेको छु, एक चोटी म उहीं गए-
को थिएँ । अर्को चोटी माथिबाट देखें । त्रिशूलीको

शिक्षाको लागि तपाईंले गर्नु भएको प्रयास प्रशंसनीय छ । यति भन्नु भई पाँचवटा नम्बरीनोट मेरो अगाडि टेबलमा राखिदिनु भयो । उहाँले भन्नु भयो "स्पष्ट कलेज खोल्न पास हुन दियो । यसको वार्डेन पनि सहन हुन्छ ?" आफ्नो जिल्लामा भरखर मिडिल स्कूल शुरु भैरहेछ । त्यसैले त्यो मेरो आवश्यकता देखि बाहिरको कुरा थियो । म अन्योलमा परें । कस्तो जवाफ दिने ! मेरो मगजमा चलेन । पछिबाट मैले अन्य शिक्षाप्रेमी साथीहरू संग सल्लाह गरेर उहाँलाई बिन्ति गरेहुँला । "यस पछि बिदा भएर फर्कें । निस्कने बेलामा उहाँले भन्नु भयो, "काठमाडौं आउँदा यहाँ पनि आउनु हुन्छ ।" पहिलो पल्ट काठमाडौं जाँदा पनि म केशर महलमा गएँ । एकपटक तपाईंको स्कूललाई भनेर केही किताबहरू दिनु भयो । किताब १८ थियो । त्यसमध्ये स्पष्ट करीब ७०० पेजको नेपालीमा अनुदित "पशुपालन" थियो । स्पष्ट दासप्रथा उन्मूलन
प्रेमी भई
गर्दा स्वर्गको बाटोमा ^ चन्द्रशमशेर गएको आफ्नु शि
स्वर्गको बाटमनि प्र.मं.जिल्ला
त्यसमा ^ विशाल जनसमूहमा भाषण गरिसकेको ^ चन्द्र

शम्शेरको पनि फोटो पनि लिये । ती ९८ थान किताबमा
मैले पनि २०, २२ थान किताब थपेर धर्मरत्न शाक्य र
बेखारत्न शाक्य संग भएका किताबहरू पनि संकलन
गरेर सुगत पुस्तकालयको स्थापना गरें ।

फिल्ड मार्शल जनरल केशरशम्शेर राणा हुन्
राणाहरू घृणित थिए त्यसबेला । परन्तु जनरल केशर
शम्शेर राणा मात्र नभै नेपालको एक महान शिक्षा
प्रेमी विद्वान पनि हुन् । उहाँको कलेज खोल्ने त्यो
सुभेच्छा कार्यान्वयनको लागि मैले केही गर्न सकिन।
"दिनौं" भनेपछि ९,१० हजार चन्दा दिईरहेछु । तर
त्यसको सदुपयोग भएको कहीं देख्न सकिन । "एक
पल्ट उहाँले भन्नु भएको थियो । त्यसैले जोकोही
संग यो कुरा गर्न पनि आँट आएन । एकजना समर्थ-
वान दाताको सुभेच्छा रहेर गयो । उहाँको सुभे-
च्छा साकार गर्न मैले मदत दिन सकेको भए एउटा भव्य
भवनमा एउटा नेशनल कलेज खुल्ने थियो होला । शि-
क्षामा कस्तो पाप भएछ । यो पश्चातापले मलाई
आजसम्म पिरोलिरहेकोछ ।

नागपञ्चमीको भोलिपल्ट सिंहदरबार
चिफ ईन्स्पेक्टर अफ स्कूल्स श्रीदिर्घराज को
हुन्थ्यो । परिचित हुनासाथ रजिष्टर बुक
उहाँले भन्नु भयो, "हेर्नुहोस् तपाईंको स्कूल
भैसकेकोछ ।" [१ वैशाखमा आफ्नो स्कूल
भईरहेको देख्दा मलाई अति आनन्द भयो ।
फर्के ।

स्कूल यथावत चलिरहेको थियो ।
कमीले गर्दा कठोर परिश्रम गर्नुपर्नेत कैं
दुईचार जना साथीहरूको स्कूलप्रति श्रद्धा
थि सहानुभूति थियो । त्यसैले उहाँहरूले
सक्नु भएन । स्थानीय जनतामा पनि
शिक्षाको रुचि भैसकेको थियो । यसैमा
सञ्चालक समिति गठन गरेर ~~[illegible]~~
लाई दुःखको सहभागी किन नबनाऊँ !
पनि सञ्चालक समिति अनिवार्य थियो ।

एकदिन साथीहरूलाई बोलाएँ
समिति गठन गरें । थोरबहुत मुठीदान

को समेत सम्पूर्ण हिसाब समितिलाई बुझाई दि
अनि भने, " स्कूलको संस्थापन गर्नुको साथै
सम्म एकलैले स्कूलको संरक्षण गरें । स्कूल तपाई
हो, पाले पुण्य मारे पाप । म एकलैले कोकि
बोझ, अब तपाईहरूको काँधमा पनि राखें । म त स्कू
गाउँको मात्र हुँ साथै अल्पशिक्षित पनि । "
साल माघ २४ गते गठन भएको यो स्कूलको सर्व
सञ्चालक समितिथियो । यससमिति पदाधिकारी
र सदस्यहरूको नाम यसप्रकारको छ —

(१) श्री मोहन विक्रम ख्वज जोशी — अध्यक्ष
(२) श्री पूर्णबहादुर श्रेष्ठ — सेक्रेटरी
(३) श्री ज्ञानबीर शाक्य — कोषाध्यक्ष
(४) श्री चन्द्रबहादुर श्रेष्ठ — सदस्य
(५) श्री धर्मरत्न शाक्य — "
(६) श्री रत्नदेवशाक्य — "
(७) श्री बेखालाल शाक्य — "
(८) श्री प्रेमबहादुर शाक्य — "
(९) श्री चक्रमान शाक्य — "

⊙सरकारी आ.स. रु.६०० समाप्त भएपछि समितिले विद्यार्थीहरू संग मा. शुल्क असुल गर्नुको साथै बजार मा मासिक चन्दा पनि उठाउने गरे।

१८

स्कूल सञ्चालनको निमित्त सञ्चालक समिति अनिवार्य थियो, त्यो भयो । तर आफ्नु कोष केही नभएकोले समितिको काम रित्तै थियो, तापनि स्कूलको समस्या उपर विचार विमर्श गर्नलाई साथीहरू भयो । पेट भोकै भए पनि नरमाइलो भएन ।

समिति गठन भएर कति महिना पछि हो ! सम्झन सकिन । '०८ साल र '०९ को आर्थिक सहायता भनि रु.६००/- सरकारी आ.स. प्राप्त भयो । यसबखत समितिको अध्यक्ष श्री रत्नदेव शाक्य, सेक्रेटरी श्री मोहन विक्रम ध्वज जोशी, कोषाध्यक्ष श्री ज्ञानवीर शाक्य हुनुहुन्थ्यो । सरकारी सहायता प्राप्त भएकोले साथीहरूको हौसला निकै बढेको थियो । यसै समयमा साहु श्री तुलसीदास अमात्यले प्रदान गर्नु भएको जग्गामा २२ फिटको खडा लामो बाँसको टहरा बन्यो । स्कूललाई निकै सुविस्ता भयो ⊙ । यसबखत श्री कृष्णसिंह प्रधानले पनि स्वयमसेवक शिक्षक भएर स्कूललाई निकै मदत गर्नु भयो ।

एक दिन स्कूलबाट फर्कदा एक जना विद्यार्थीलाई टाउको दुख्यो । त्यसले बान्ता गर्यो । [illegible]

आएछ, जानहुँदैन भन्ने हल्ला भयो । बाध्य भएर स्कु-
लले त्यो टहरा छोड्न कर लाग्यो । टहरा भत्केर
गयो । स्कूलको नोक्सान हुनुको साथै कोठा स्थानाभाव-
को समस्या खडा भयो । फेरी पूर्ववत कहिले यो पौवा-
मा, कहिले त्यो पौवामा, कहिले आँपका रुखमुनि छहारीमा
स्कूल चल्न थाल्यो । यसैमा संचालक समितिका अध्य-
क्ष जिल्लाका बडाहाकिम हुनुपर्छ भन्ने नियम बन्यो ।
यसभन्दा अघि संचालक समितिमा जुनसुकै [illegible] सर्कारी
कर्मचारी भए हुन्थ्यो । जिल्लाका बडाहाकिम पदेन
अध्यक्ष हुनपर्ने भएकोले
तत्कालिन बडाहाकिम श्री कृष्णविक्रम राणाको अध्य-
क्षतामा पुन संचालक समिति गठन भयो । यसमा सेक्रे-
टरी स्कूलका संस्थापक र कार्यवाहक श्री गणेशदास
अमात्य लिए । समितिको गठन २०१२ साल वैशाख
महिनामा भएको थियो । समितिका सेक्रेटरी र प्रधान
अध्यापक (कायम) एउटैले गर्नु पर्दा काममा शिथिलता
आउँछ भनी अध्यक्षबाटै पदाधिकारीहरू हेरफेर
गर्नु भयो । यो समितिमा अध्यक्ष श्री कृष्णविक्रम

राणा, उपाध्यक्ष श्री रत्नदेवशाक्य, सेक्रेटरी श्री समेरत शाक्य, कोषाध्यक्ष श्री गणेशदास अमात्य निर्वाचित भए।

यसरी समितिको विघटन र पुनर्गठन बारम्बार भई रहेछ। तापनि अध्यक्षबाहेक अरू पदाधिकारी र सदस्यहरू उही पुराना साथीहरूनै केवल जिल्ला कहाँ कहिले अनुसार सरुवा भैरहने हुनाले पनि अध्यक्ष नयाँ हुन्थ्यो। आजसम्म पनि सहयोग समितिमा रहेर ती साथीहरूले स्कूललाई आवश्यक सहयोग दिइरहेकाछन्। उहाँहरू स्कूलका आजीवन सेवक हुन्।

स्कूलभवन निर्माण - २०१४ सालको शुरुमा श्रीचन्द्र बहादुर कोष्ठ र अरू युवाजन पार्टनर भै त्रिशूली रिभरवेलीको बाटोमा आँपको ठेक्का लिए। सो ठेक्काबाट उहाँहरूलाई रु. ३०००। नाफा भएको थियो। भवनको अभावले स्कूललाई भैरहेको कठिनाइ देखेर त्यो रु. ३०००। उहाँहरूले स्कूललाई अर्पण गर्नुभयो। स्थानीय युवकहरूको यो पहिलो जागृति थियो। श्री चन्द्रबहादुर कोष्ठ (उहाँका हाल) हरु धन्यवादका पात्र सम्झौंदिन। यसपछि आदि

भवन निर्माणको लागि त्रिभुवन ग्रामविकास केन्द्र त्रिशू-
लीबाट रु. ५०००/- दिने भईसकेको थियो।

सम्वत २०१५ यस स्कूलको स्मरणीय वर्ष
हो। स्कूलको भाग्योदय यहाँदेखि शुरु हुन्छ।
यहि सालमा मध्य पश्चिमाञ्चल भ्रमणको सिलसिला
मा राष्ट्रनायक श्री ५ महेन्द्र सर्कारको यहाँ सवारी भयो,
महिना दिन अघावै श्री ५ महाराजाधिराज सर्कारको यहाँ
सवारी हुने सूचना पाएकोले मौसुफको बाहुलीबाट
स्कूल भवनको शिलान्यास गराई माग्ने योजना राखेर
राममन्दिर निर्माण भै बाँकि रहेको जग्गा प्राप्त गरी
सञ्चालक समितिले जग्गा खनाई ठीक पारी राखेको
थियो। स्वागतगान पनि महिनादिन आघि
नै रचनागरी गायकहरुलाई अभ्यास गराईराखेको
थिएँ।

श्री ५ महेन्द्र स्वागत समिति गठन भयो।
मौसुफबाट स्कूल स्काउटको मार्चमास नजर गराउने
उद्देश्य थियो। यो उद्देश्य सफल पार्न प्रधानाध्यापक श्री
शिवशंकर झा, स्काउट मास्टर श्री मोहनबहादुर थापा,

श्री कृष्णसिंह प्रधान, श्री रत्नवीरशाक्य, श्री धर्मरत्नशाक्य, श्री द्रव्यरत्नशाक्य, यहाँहरूबाट उद्घाटन भएको कार्य अत्यन्त सराहनीय थियो । सम्वत् २०१५ साल पौष ११ गते स्वर्गीय राष्ट्रनायक श्री ५ महेन्द्र सरकारले स्वागत भवनमा पदार्पण गरिबक्स्यो । भवनको सुन्दरता, स्वागतगानको शैली, स्काउटको मार्चपास नजर गरिबक्सेर निकै प्रभावित हुँदिबक्स्यो । स्कूलभवनको जगमा शिलान्यास गरिबक्सेपछि मौसुफ सरकारबाट हुकुम भयो, "यस स्कूललाई रु. ६००/- मात्र आर्थिक सहायता दिई राखेकोमा ०१५, ०१६ सालमा २४००/-, ०१६, ०१७ सालमा ४८००/-, र ०१७, ०१८ सालमा ७२००/- आर्थिक सहायता दिई हाईस्कूलमा परिणत गराउनू" यस अवसरमा मौसुफ सरकारबाट स्कूलभवन निर्माणार्थ नगद रु. ५०००/-, आवश्यक काठपात र विद्यार्थीहरूलाई खेल्ने चौरको लागि स्कूलभवनको उत्तरपट्टि रहेको १० रोपनी जग्गा पनि बक्स्यो ।

त्रिभुवन त्रिशूली मिडिल स्कूल दुई वर्षपछि हाईस्कूलमा परिणत हुने निश्चय भयो । यसको

लागि भवनको विस्तृतीकरण पनि आवश्यक भयो

राष्ट्रनायक श्री ५ महेन्द्रको सदिच्छा साकार गर्न

वन ग्रामविकास केन्द्रले आफ्नो पूर्व निर्णय रद्द ग

रु.२०००/-को सट्टामा रु.३२०००/- भवननिर्माण

लागि दिने निर्णय गर्यो ।

रचनात्मक कामको मुख्य साधन भनाई

यसपछि जनबल । रु.४०००० जम्मा हुनासा

बजेटको अभाव हट्यो । जनबलको लागि

नीय युवकहरु र श्रमजीवीहरुको कामे पिसन

भवननिर्माण कार्य शुरु भयो । यसबखतको सञ्चा

समिति र सहयोग समितिको अत्यन्त प्रशंसनीय

सिकर्मी नाइके श्री बाबुकाजी शाक्य, दकर्मी नाइके

धर्मरत्न बज्राचार्य, ज्यामी नाइके श्री राजभक्त आ

यहाँहरुले पनि अकथनीय परिश्रम गरेर स्कूल

आँखो देखाइन भयो । स्कूलभवन एकतल्ला माथि अ

तल्ला शुरु भयो । छाना लगाउन बाँकिनै थियो

यसैबेला (२०१७ साल पौष १ गते) ऐतिहासिक क्रान्ति

स्कूलको प्रगति देखेर ~~औंसे~~ के — दाइ (इंर्या

छटपटीएका कोही दुःखले बडाहाकिम कहाँ गएर जिल्लाको
गोलमाल काण्डको सहभागी तिनीहरू (स्कूल संचालक
समितिका कर्मठ कार्यकर्ताहरू) पनि हुन् भनी आरोप लगा-
गाए। वारेण्ट जारी भयो। कोही पक्रिए। कोही अन्डर
ग्राउण्डमा परे। बाँकीरहेका संचालक समितिका सद-
स्यहरूले भवन निर्माण कार्य सम्पन्न गर्न अथक प्रयास
गरे। देकमणि नाइके धर्मदत्त बडाचार्य, सिकमणि नाइके बाबु
काजी शाक्य, उमामणि नाइके रामभक्त अमात्यहरूले हिसाब पाई
गर्दै गरेका भवन नबनाइकन छोड्ने छैन भनी प्रतिज्ञा गरे।
साँझ बिहान नभनिकन उहाँहरूले परिश्रम गरे, भवनलाई
घाम पानीबाट सुरक्षित गरे। चार महिना पछि सञ्चालक
समितिका सदस्यहरू जेलखानाबाट छुटे, स्कूलमा भैरहेको
काम र हिसाब सभा समितिमा ल्याए। स्कूल भवन निर्माण
को लागि तत्कालिन भारतीय राजदूत महामहिम श्री हरिश्वर दयाल
बाट रु. २५०००। र श्री ५ सुमन बडामहारानी (श्री ५ महेन्द्र
सर्कारकी मुमा) बाट रु. १०००।- पनि प्राप्त भएको थियो।
यसरी यो स्कूल भवन निर्माण कार्य सम्पन्न भयो। यस
बखतको सञ्चालक समिति र सहयोगी साथि-

तिको परिश्रम मुक्तकण्ठले प्रशंसा नागरिकले गर्द·
गिन । सञ्चालक समिति र सहयोग समिति म
न्न महानुभावहरू थिए ।

सञ्चालक समितिमा:-

बडाहाकिम श्री टेकबहादुर राय माझी - अध

श्री बेखालाल शाक्य - सेक्रेटरी

श्री ज्ञानकाजी अमात्य - कोषाध्यक्ष

श्री चन्द्रबहादुर श्रेष्ठ सदस्य

श्री बोधिरत्न शाक्य ,,

श्री ना.रा. ईन्द्रप्रसाद सिंखडा ,,

श्री दुर्गादासअमात्य ,,

श्री हिरालाल श्रेष्ठ लवट ,,

श्री पूर्णबहादुर श्रेष्ठ ,,

प्रधान अध्यापक श्री शारदा
मान श्रेष्ठ ,,

श्री कृष्णसिंह प्रधान ,,

सहायक समितिमा सर्वश्री धर्मलाल शाक्य,
वीरशाक्य, गोपाल प्रधान, प्रेमबहादुरशाक्य, श्याम

लालडोल्ल र श्री भैरव प्रसाद रंजितकार हुनुहुन्थ्यो।

सम्वत् २०१५ यस स्कूलको मंसिर १५ गतमा अत्युक्ति हुँदैन होला। श्री ५ महेन्द्रको सुदृष्टि, त्रिभुवन ग्रामविकास केन्द्र, त्रिशूलीको सहयोग, भारतीय दूतावासको चन्दा, श्री ५ मुमा बडामहारानीको कृपा, यसको अतिरिक्त यस वर्ष त्रिशूलीका एक शिक्षाप्रेमी महिला श्रीमती चन्द्रकुमारी प्रधानले पनि यस स्कूललाई अन्दाजी ५ रोपनी जग्गा (रकम) अर्पण गरिन्। जिल्लाको अन्धकारमय ~~…~~ शैक्षिक आकाशमा भर्खर शिक्षा सूर्यको लालकिरण देखिन लागेको समयमा श्रीमती चन्द्रकुमारी प्रधानको त्यो त्याग साधारण भन्न सकिँदैन। उहाँलाई यस पुनीत कार्यमा अग्रसर गराउने श्री कृष्णसिंह प्रधान र श्री मोहनविक्रम खत्री जोशीपनि कम धन्यवादका पात्र हुनुहुन्न।

समय बित्दै गयो। स्व. राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्र सर्कारको सदिच्छा मुताबिक ६००/- आर्थिक सहायता बाट क्रमश २६००/-, ४८००, हुँदै २०१७ सालमा ७२०० भयो। यही वर्ष त्रिभुवन त्रिशूली मिडिल स्कूल त्रिभुवन त्रिशूली हाईस्कूलमा परिणत

भयो । यसबखत भवन निर्माण कार्य समाप्त भै
सकेको थियो । झ्याल ढोकाका खापाहरू बन्दै थि-
यो । कड्रा, सिमेन्टको काम बाँकि थियो । तापनि
भवनमा पढाई चालु भैसकेको थियो ।

सम्वत २०१७ साल ~~को~~ आश्विन ५ गते स्कूल
अगाडि ठूलो मञ्च बन्यो । जिल्लाका गन्यमान्य,
साहु महाजन, अभिभावक सदस्यहरू निमन्त्रित । यो
स्वर्ण अवसरको अवलोकन गर्न बजारका र आसपास
का नरनारीहरू जम्मा भए । यहि समारोहमा तत्
कालिन शिक्षामन्त्री श्री परशुनारायण चौधरीले
त्रिभुवन त्रिशूली मिडिलस्कूललाई त्रिभुवन त्रिशूली
हाईस्कूलमा परिणत गर्नु भयो । उद्घाटन भाषण
गर्नुहुँदै मन्त्रीज्यूले श्रोतागणको हृदय शिक्षा
मा आकृष्ट गर्नु भयो । यहि समारोहमा सञ्चालक
समितिले शिक्षामन्त्रीज्यूको हातबाट स्कूलका सं-
स्थापक र संरक्षकलाई ठूलो पदक र कृतज्ञता
पत्र प्रदान गरे, जसको एक प्रति तलि यहाँ ~~जो निम्न प्रकारको थियो~~ ।
प्रस्तुत गरिन्छ ।

मिति ०१७-६-९मा

श्री चक्रमान शाक्यजी,
ठं: सि, ललितपुर,
नेपाल

तपाईंले यस स्कूल उद्घाटन काल देखि स्कूलप्रति श्रद्धा राखेर कठोर यातना सही काम गरी आउनु भएको हुनाले यस स्कूल सञ्चालक समिति बाट कृतज्ञता ज्ञापन गर्दै सधन्यवाद तपाईलाई माननीय शिक्षामन्त्रीज्यूको बाहुली द्वारा यो पदक प्रदान गरिएको छ।

टेकबहादुर राय मांझी
(बडाहाकिम)
पदेन
अध्यक्ष

केशवलाल शाक्य
सेक्रेटरी

मिडिलस्कूल हाईस्कूलमा परिणत भयो । दश कक्षा सम्म यहि (त्रिशूलीमै) पढी जाँच दिनलाईमात्र काठमाडौं गएर पुग्ने भयो । यो सुविधाको समाचारले चारैतिरका विद्यार्थीहरु बटुरिए । स्कूल सुचारु रुपले चल्न लाग्यो । यस्तैमा सञ्चालक समितिका सेक्रेटरी श्री केशवलाल शाक्यलाई आफ्नो व्यापारी कामले विदेशमा जानुपर्‍यो । २०१८ साल श्रावण २३ गते समितिको बैठक बोलाई भवन सम्बन्धी र स्कूलसम्बन्धी हिसाब किताब पेश गरि उनले राजिनामा प्रस्तुत गरे । बैठकले लेखा परीक्षक द्वारा हिसाब परीक्षकको रिपोर्ट लिएर उनलाई २०१८ साल श्रावण २५ गते बैठकको निर्णय अनुसार सम्मानपूर्वक धन्यवाद दिएर बिदा दिए उहाँ लाई समितिले आजीवन सदस्यता प्रदान गर्‍यो । यसपछि सेक्रेटरीको पद श्री चन्द्रबहादुर श्रेष्ठ सम्हाल्नु भयो । भवनको बाँकी रहेको कार्य उहाँको समयमा पूरा भयो । यो वर्ष स्कूलले "त्रिशूली" नामक एउटा हस्तपत्रिका निकाल्यो । यसको सम्पादन यी पङ्क्तिहरूका लेखक द्वारा भएको

लियो। यसै सालदेखि स्कूलबाट प्रवेशिका परीक्षाको लागि विद्यार्थीहरु पठाउने पनि शुरु भयो।

अडिटरको नियुक्ति र जिल्लास्तरीय साहित्य सम्मेलन

२०१९ साल आषाढ १५ गते शिक्षा निर्देशकज्यूले स्कूलको आयव्यय जाँचगर्ने एकजना व्यक्तिको आवश्यकता देखाउनु भयो। उहाँको निर्देशानुसार समितिले समितिको एकजना सदस्य श्री हिमरत्न शाक्यलाई हिसाब अडिटगर्ने अभिभार दिईयो। यस बेलादेखि नियमित रुपले स्कूलको आयव्यय जाँचगर्ने प्रबन्ध भयो। श्री हिमरत्न शाक्यले ~~स्कूलको अडिट~~ यो काम अति राम्रोसंग गर्नु भयो। यहिसाल पौष १५, १६, र १७ गते स्कूलमा अभिभावक दिवस, चित्रकला प्रदर्शन र जिल्लास्तरीय साहित्य सम्मेलन सम्पन्न भयो।

यस स्कूलबाट सर्वप्रथम एस.एल.सि. पासगर्ने विद्यार्थीहरु — यस हाईस्कूलबाट सर्वप्रथम प्रवेशिका परीक्षामा उत्तीर्ण हुने विद्यार्थीहरु श्री प्रेमलाल —

श्रेष्ठ, त्रिशूलीवजार, श्री दुर्गादास रंजितकार (त्रि) पो. विद्युत प्राधिकरणको ~~[illegible]~~ त्रिशूलीवजार र श्रीमती जानकादेवी श्रेष्ठ, गेटमैन हुन् । यहाँहरू ~~[illegible]~~ २०२० सालमा ~~[illegible]~~ प्रवेशिका परीक्षा बाट उत्तीर्ण ~~[illegible]~~ भएका थिए ।

रात्रीसेक्शन — काठमाडौंमा कतै Adult School, कतै Night College थियो । यसबाट प्रौढहरू र न्यून-वैतनिक कर्मचारीहरूलाई शैक्षिक योग्यता बढाउन निकै सुविधा भैरहेको थियो । यहाँ पनि २०२० सालमा हाइस्कूलमा Night Section खोल्यो । यसबाट योग्यताको कमिले कम तलब खाएर निर्वाह गरिरहेका कर्मचारीहरूको निकै भलाई भयो ।

अग्नि परीक्षा — "बाघ भन्दा डुंडिन दुष्ट" भन्ने उखान कहिले काहीं चरितार्थ हुन आउँछ । यस स्कूलको प्रगति देखेर कोही व्यक्ति अत्यन्त ईर्ष्यालु भएको रहेछ । डाह र ईर्ष्याको वसिभूत भएर ~~त्यस~~ व्यक्तिले विरोध प्रदर्शनमा चुकुल लगाउन पुग्छ । फलस्वरूप स्कूलको खाताबही, तमाम हिसाब किताब शील बन्दी भयो । तर ~~कुनै~~ स्कूलको हिसाब किताब, आय व्ययमा कुनै गल्ती नदेखिएकोले हुँदै जब पछि सबै हिसाब किताब विनाशर्त फिर्ता पठाइदिए । यसलाई सरकारबाट समितिको अग्नि परीक्षा भन्न सकिन्छ ।

स्कूल भवनको उद्घाटन र छात्रावासको को निकासी :-

स्कूलभवन कम्पाउण्डले घेर्नु, कक्षा कोठाहरुको भुईं सिमन्टेद गर्न कामि चियो । यो २०२२ सालमा पुरा भयो । यहि वर्ष काठमाडौंमा श्री ५ महाराजाधिराज बाट स्काउट र्‍याली निर्मा गराउने कार्यक्रम थियो । काठमाडौं स्काउट पार्टीको निमन्त्रणामा यस स्कूलका स्काउट पनि श्री ५ महाराजाधिराजको समक्ष उपस्थित गराए । यसै सालदेखि विज्ञानशाला, गृहविज्ञानशालाको प्रबन्ध गर्नुको साथै विद्यार्थीहरुको स्वास्थ्य रक्षाको लागि T.A.B.C. र Small pox Vaccination दिने काम पनि भयो ।

टाढाका विद्यार्थीहरुकोलागि डेराको अभावले निकै असुविधा भैरहेको थियो । छात्रावास खडा गराउन सके तिनीहरुको कल्याण हुने थियो । यो विचार सबै को मनमा आइरहेको थियो । यत्तिकैमा श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव सरकार बाट स्कूलभवन उद्घाटन गराई माग्ने सौभाग्य प्राप्त भयो । २०१५ सालमा आफ्नै बाहुलीले शिलान्यास गरिबक्से-

को स्कूलभवन २०२२सालमा सुसज्जित भएर उभिरहेको देखि बक्सी श्री ५ महेन्द्र सर्कार खुशी हर्षित बक्स्यो (सर्कार बाट भवनोद्घाटन कार्य सम्पन्न भयो । छात्रावासको अत्यावश्यकता, ~~भइरहेको~~ महसुस भइरहेकै थियो । सर्कारको सवारी भएको अवसरमा सो कुराको माग गर्नु सञ्चालक समितिले चुकाएन । हेलिकोप्टरमा राजहुनु आघि आफ्नो अगाडि उभिरहेको उपप्रधान मन्त्री तथा शिक्षा मन्त्री श्री कीर्तिनिधि विष्टलाई सर्कारबाट हुकुम भयो, "स्कूल कम्पाउण्ड बाहिर खुला पाइ रहेको जग्गामा छात्रावासको प्रबन्ध गरि दिनू ।"

श्री ५ महेन्द्र सर्कारले स्कूलभवनको उद्घाटन मात्र गरिबक्सेन । भवनको कक्षाकोठाहरु सर्वेक्षण गरिबक्स्यो । कक्षाकोठाहरुबाट माथि छानाको तला देखिन भइरहेकोले गृष्ममा त्यसबाट विद्यार्थीहरुलाई गरम हुनुका साथै असोंगा पनि भइरहने देखिबक्सी श्री ५ बडामहारानी सर्कारले सिलिङ्गमा पार्केटिङ्ग गर्न रु.२५००। बक्स्यो ।

छात्रावासको लागि पहिलो किस्ता रु. १५००० यथासम-

यमा प्राप्त भयो । यसक्रमले छात्रावासको जगउठाई-
यो, जसमा माननीय गृहसहायक मन्त्री श्री जोग मेहर
श्रेष्ठले शिलान्यास गर्नु भएको थियो । हुन सकियो ।
छानकोलागि जग्गा किनियो । तर दुःखको कुरा, श्री ५ महा
राजाधिराज सर्कारबाट छात्रावासको लागि हुकुम भएको को लि-
खित प्रमाण नभएकोले होकि केलहो आजु कित्ता प्राप्त
भएन । फलस्वरूप छात्रावास निर्माण कार्य स्थगित भयो ।
हुन त यसबारेमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रमशाह
देव सर्कारको निजि सचिवालयमा लेखापढी भैरहेकोछ ।
साथै श्री विष्ट पुन प्रधान मन्त्री हुनु भएको यस अवस्थामा
यो छात्रावास अवश्य पनि निर्माण हुनेछ भन्ने आशा गर्न
सकिन्छ ।

यो छात्रावास निर्माणार्थ रा.प.स, जिल्ला अड्डा
प्रमुख, प्रतिष्ठित शिक्षाप्रेमी साहु महाजनहरू, वर्गीय-
संगठनका सभापतिहरू समेत गरी सञ्चालक समिति-
का अध्यक्षकै अध्यक्षतामा एउटा सल्लाहकार समि-
तिले पनि गठन भएको थियो । जसमा श्री बोधिल-
शर्मा सचिव पदमा निर्वाचित भएका थिए ।

आवास युक्त भवन — हाईस्कूलमा बराबर प्र
मिक पाठशालाका शिक्षकहरू तालिम तथा गोष्ठी गईरहन्थे । यसमा गा
लिन आउने शिक्षकहरूलाई बस्ने सुविधा हुनेगरी एउटा आवा
युक्त भवन बनाउन रु. ५०००/- चन्दासमेत गईरहेको थि
२०२७ सालमा सो भवन निर्माण समितिले आवास युक्त भव
स्कूलको आफ्नै तिरो बनाउनू । नपुग रकम पनि स्कूलले
नै व्यहोर्नु भनि स्कूल सञ्चालक समितिलाई लेखिपठा
यो । सो पत्र अनुसार जम्मा भैरहेको रु. ५०००/- प्राप्त
सञ्चालक समितिले सो आवासयुक्त भवन बनायो । यस
रु. ११००० लागेको छ ।

बागवानी कार्यशाला भवन — स
२०२८ सालमा परीक्षाहलादिकोलागि एउटा भवनको आव
श्यकता महसुस भयो । २०२८/५/१८ को सञ्चालक सम
तिको बैठकले रु. ४००० सम्म खर्चगरी परीक्षा भवनको ज
उठाउने निर्णय गर्‍यो । सोही साल पौष ९ गते जिल्लापञ्चा
को सभापति श्री होमबहादुर महतले परीक्षा भवनको शिलान्
गर्नुभयो । यो अवसरमा सञ्चालक समितिको एक सदस्
श्री बोधिराज शाक्यले उक्त भवन निर्माणकोलागि रु. ५०१
न्दा प्रदान गर्नुभयो । २०३१ सालमा स्कूलमा नयाँ शिक्ष

लागुहुनासाथ बागवानी शिक्षा, गृहविज्ञान यी तीन व्यावसायिक विषय समाविष्ट भई त्रिभुवन त्रिशूली हाईस्कूल त्रिभुवन त्रिशूली व्यावसायिक माध्यमिक विद्यालयमा परिणत भयो। व्यावसायिक विषय बागवानीको लागि कार्यशालाको आवश्यकता भएकोले परीक्षाभवनको लागि उठिरहेको जगमा कार्यशाला भवन बन्यो रु. ५७००० हजारको लागतमा बनेको कार्यशाला भवनमा ४४००० हजार विभागबाट प्राप्त भएको थियो।

हाईस्कूलको स्काउट पुरस्कृत

⊗ . . . .

नमुना प्राथमिक पाठशालाको सम्मेलन- हाईस्कूलको पूर्व-पश्चिम सिमानामा जोडिएको नमुना प्राथमिक पाठशाला हाईस्कूलमा सम्मिलित भए- राम्रो संग चल्नसक्ला भन्ने सबैजनाको विश्वास थियो। यसैले २०३१ सालमा दुवै स्कूलको सञ्चा- लक समितिको विचारसमन्वयले नमुना प्राथमिक पाठशाला हाईस्कूलमा सम्मिलित भयो।

हाईस्कूलको स्काउट पुरस्कृत

२०३० सालको शुरुमा मध्यमाञ्चल भ्रमणको सिलसिलामा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको यस जिल्लामा सवारी भयो । जिल्ला पञ्चायत कार्यालयको प्राङ्गणमा मौसूफ सरकारको स्वागत कोलागि ठोकाइस बने, सुसज्जित मञ्च बन्यो । स्वागत समारोहमा भागलिन यस हाईस्कूलका विद्यार्थी स्काउट पनि उपस्थित भए । स्काउट नजर गरिबक्सी श्री ५ वीरेन्द्र सरकारले रु. २००० नगद पुरस्कार प्रदान गरिबक्स्यो ।

रजत जयन्ती

सं. २००७ साल वैशाख गते स्थापित भएको त्रिभुवन
त्रिशूली मा.वि. विद्यालयले २०३२ साल वैशाख गते
वर्षमा पदार्पण गऱ्यो। यसको उपलक्ष्यमा निबन्ध प्रति-
योगिता, चित्रकला प्रदर्शनी, ~~खेल~~ विभिन्न खेलकूद, पुर-
वितरण समारोह, सांस्कृतिक ~~[illegible]~~ कार्यक्रम आदि राखेर अत्यन्त भव्य
रूपमा रजत जयन्ती मनाइयो। यो रजत जयन्तीमा मा-
नीय शिक्षा सहायक मन्त्री श्री भोलानाथ श्रेष्ठले नयाँ
शिक्षाको महत्वमा प्रकाश पार्दै सारगर्भित भाषण
गर्नुभयो। ~~[illegible]~~ क्षेत्रीय शिक्षा निर्देशक ~~[illegible]~~ श्री केदारनाथ श्रेष्ठले
नयाँ शिक्षाले गरेको प्रगतिको बारेमा बोल्नुभयो। जि-
युवक संगठनका सभापति श्री पूर्णलाल श्रेष्ठ (वीरबहादुर
सि.) ले अभिभावकहरूको तर्फबाट बोल्नुभयो। संचालक ~~[illegible]~~
समितिका सदस्य श्री धर्मरत्न शाक्यले स्वागत भाषण
गर्नुभयो। ~~[illegible]~~ समितिका सचिव श्री बद्रीबहादुर श्रेष्ठ
आयव्ययको प्रतिवेदन पेश गर्नुभयो। त्यसपछि विद्यालय ~~[illegible]~~
स्थापक तथा संरक्षकले प्रगतिपथमा लम्कन विद्यालयले
२५ वर्षसम्म गरेको संघर्षको वर्णन गर्नुभयो। ~~[illegible]~~ प्रधान
अध्यापक श्री शालिग्राम श्रेष्ठको प्रगति रिपोर्ट ~~[illegible]~~ पढियो। शि-
क्षा सहायक मन्त्रीज्यूले रजत जयन्तीको उपलक्ष्यमा ~~[illegible]~~

खेलकुद
प्रतियोगिता, निबन्ध प्रतियोगिता, परीक्षामा पहिला दोस्रो हुने विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नु भयो । तदुपरान्त सभापतिको आसनबाट जिल्ला पञ्चायतका सभापति श्री तेजप्रसाद उपाध्यायले जिल्लामा शिक्षाको प्रगति गर्न सरकारबाट वर्षेनी बढी आर्थिक सहायता मिलोस भन्दै सभा विसर्जन गर्नु भयो । बेलुका विद्यालयको मञ्चमा सांस्कृतिक कार्यक्रमको प्रदर्शन भयो । ~~सांस्कृतिक सांस्कृतिक कार्यक्रम हेर्न स्थानीय जनताहरूको विशाल समूह भयो~~ ।

अतिरिक्त भवन (Extention Building)

छात्रसंख्याको क्रमश बृद्धिले ०२८, ०२६ सालमै एउटा अतिरिक्त भवनको आवश्यकता जनाईसकेको थियो । २०३१ साल ~~[illegible]~~ वैशाख १ गते हाईस्कूलको रजतजयन्तीको दिन माननीय शिक्षा सहायक मन्त्री श्री- ~~[illegible]~~ भोलानाथ जमर ~~ले~~ बाट भवनको शिलान्यास ~~गर्नुभयो~~ भई २६००० हजारको लागतमा यो भवन बन्यो । यसमा लागेको रु. २६००० हजार मध्ये रु. १०,००० जिल्ला शिक्षासमितिबाट अनुदानको रुपमा लिइएको छ । यहि भवनमा त्रिभुवन मिडिल विद्यालय, शिक्षाशास्त्र ईन्स्टि- ट्यूट अनद स्टाफ कलेज चालु गरिरहेका छ ।

गृहविज्ञान भवन — यस त्रिभुवन त्रिशूली बहु. मा. विद्यालयमा व्यावसायिक विषयहरुमा शिक्षा र वाणि- ज्यको अतिरिक्त गृहविज्ञान पनि एक विषय हुन । यसको लागि पनि छुट्टै एउटा भवनको आवश्यक भएकोले श्री ५ को सरकार शि- क्षा विभागबाट ४०००० हजारको लागतमा यो भवन बनिरहेको छ ।

सञ्चालक समितिको विघटन —— २०३१ साल पौष १ गतेदेखि यस जिल्लामा नयाँ शिक्षा लागु भयो । जिल्ला- शिक्षासमिति गठन भयो । जिल्ला शिक्षाकार्यालय खुल्यो । जिल्लामा रहेका शिक्षण संस्थाहरुको रेखदेख जि. शि. कार्यालय र जि. शि. समितिबाट हुने भयो । सञ्चालक समितिको जह-

रत भएन, विघटन भयो । यो अन्तिम सञ्चालक समितिमा निम्न महानुभावहरू निम्न पदमा छिए ।

अन्तिम सञ्चालक समिति

(१) श्री प्र.शि. अधिकारी अध्यक्ष (पदेन)
(२) श्री चन्द्रबहादुर श्रेष्ठ सचिव (चन्दादाता)
(३) श्री प्रेमबहादुर शाक्य सदस्य (")
(४) श्री धर्मरत्न शाक्य " (संरक्षक)
(५) श्री बोधिरत्न शाक्य " (")
(६) श्री शारदामान श्रेष्ठ " (पदेन)
(७) श्री चक्रमान शाक्य " (शिक्षक प्रतिनिधि)
(८) श्री मोहनविक्रम बान जोशी " (जि.पं. प्रतिनिधि)
(९) श्री इन्द्रप्रसाद शर्मा " (")
(१०) श्री चतुरमान श्रेष्ठ " (स्थानीय ग्रा.पंच)
(११) श्री जि. शि. निर्देशक पदेन (")

प्रधान अध्यापक

अहिले सम्म (२०३४) यस माध्यमिक विद्यालय-मा वर्तमान प्रधान अध्यापक समेत सात जना प्रधान अध्यापक भैसकेका छन्। विद्यालयको संस्थापक तथा संरक्षक लाई छोडेर पहिला दुईजना प्रधान अध्यापकको कार्यकलाप उल्लेखनीय छ।

श्री शिवशंकर श्रेष्ठ — यहाँ २०१३ सालमा यस विद्यालयको प्रधान अध्यापक पदमा नियुक्त हुन आएको थियो। यहाँमा अहंभावना थियन। शिक्षकमा हुनुपर्ने निस्वार्थता र सेवाभावना यहाँमा थियो। स्व. राष्ट्रनायक श्री ५ महेन्द्र सर्कार यस स्कूलमा सवारी हुँदा मौसूफ सर्कारबाट स्कूलको हाइस्कूलको मार्च पास गराउने उद्देश्य सफल गर्न यहाँले प्रशंसनीय परिश्रम गरेका थिए।

श्री शारदामान श्रेष्ठ — यहाँ वर्तमान प्रधान अध्यापक हुनुहुन्छ। यहाँ २०१५ सालमा यस विद्यालयको प्रधान अध्यापक पदमा नियुक्त हुन आएको थियो। त्यसबेला विद्यालयको अभ्युदय भैसकेको थियो। (१) आर्थिक सहायता ६०० बाट २४०० भएको, (२) दुई वर्ष पछि आ.स. ५२०० भई स्कूल हाइस्कूलमा परिणत हुने निश्चित भएको,

(३) स्कूलभवन निर्माणकार्य शुरु गर्नसकेको, (४) जनताले शिक्षाको महत्व राम्रैसँग बुझ्नसकेको यी सब कारणले गर्दा चाहेरपनि आकांक्षित रूपमा नै स्कूलले प्रगतिको पथ चढ्नसकेको थिएन। दिनप्रतिदिन छात्रसंख्या बढ्नुको साथै आर्थिक सहायता पनि दिइनाले पाएकोले यहाँको समयमा प्रगतिको लागि आवश्यक योजनाहरू कार्यान्वित हुन सक्यो। जिल्लाको एकमात्र हाइस्कूल (आईहाई-स्कूलहरू स्कूलको मिसन) हुनुको साथै भौगोलिक सुविधा पनि भएकोले यस विद्यालयले जिल्लाको शैक्षिक क्षेत्रमा महत्वपूर्ण स्थान ग्रहण गर्न समर्थ भयो, द्रुतगतिले प्रगतिपथमा लम्कन सक्यो। अधिकांश प्रधान अध्यापकहरूले यहाँको आर्थिक कठिनाईको सामना गर्नु परेन। सुन्दर सुसज्जित स्कूलभवन, सधैं बिजुलीको शीतल हावाले सजिएको सुविशाल क्रीडास्थल (playground), यस्ता छात्रहरू अभिभावकहरूलाई आफूतिर आकर्षित गरिरहन्छ। यी हि प्रधान अध्यापक पनि हरघडी स्कूलकै चिन्तामा लागिरहेको पाइँदैन। यहाँको परिश्रमले हरेस खानु परेन। मालिक भयो मा राखिएको शिक्षकको यहाँको ~~[illegible]~~ संलग्नता कलकलाउँदै

फस्टाउँदै हुनसक्यो ।

उद्‌गार

देशोन्नतिको द्वारो शिक्षासनको अन्त्य हुनगा
निरंकुश अन्धकारमा परिरहेका स्थानीय जनतालाई प्र
पथमा प्रकाशदिने महादीपको स्थापित सन् २००७ साल वै:
गते यस विद्यालयले जन्मलिएको हो । अहिले २०४२
उमेरमा यो विद्यालय आफ्नो लक्ष्यको नजिक पुग्न सकि
२०३३ साल सम्ममा यस विद्यालयबाट प्रवेशिका परीक्षा
गर्ने विद्यार्थीहरुको संख्या २२५ पुगेकोछ । यो विद्याल
नुवाकोट जिल्लाका मात्र नभै धादिङ्ग (रसुवा जिल्ला
पनि छन् । ~~यस~~ अहिले अध्ययन गरिरहेका विद्यार्थीह
सिर्फ नुवाकोट जिल्लाका मात्र छैनन्, यसबाट स्पष्ट हुन
यस विद्यालय~~को~~ बाट प. १ ब. का तीनै जिल्लाको सेवा हुनसके
छ । जिल्लाका विभिन्न कार्यालयहरुमा पनि यसै विद्यालयका
कतिपय पाठेका प्राथमिक-पाठशाला
द्यार्थीहरु छरिएकाछन् । ~~[illegible]~~
मा शिक्षकहरु यसै विद्यालयका विद्यार्थीहरु छन् । ~~[illegible]~~ अ
~~[illegible]~~ पाठेका सेवा ~~[illegible]~~

हस्तलिखित पाण्डूलिपि लेखकः चक्रमान शाक्य, विद्यालयका संस्थापक

पाण्डूलिपि संरक्षकः उमंग शक्य, हाथीगौंडा, खिन्च्यात बाग बगैचा, वि.न.पा.-८, नुवाकोट, वागमती, नेपाल।

पिडिएफ प्रकाशकः *अजितमान तामाङ*, त्रिशूली, कलोनी, खिन्च्यात बाग बगैचा, वि.न.पा.-९, बागमती प्रदेश, नुवाकोट जिल्ला, १ असोज २०८० (पिडिएफ प्रकाशन)

(त्रिभूवन त्रिशूली व्यावसायिक माध्यामिक विद्यालयको महाभूकम्प बि.स. २०७२ बाट क्षेतिग्रस्त भएपछि भारतीय दुतावासको सहयोगमा पून:निर्माण भएपछिको स्वरूप)

यस पिडिएफमा राखिएको तस्वीरहरूः त्रिभूवन त्रिशूली माध्यामिक विद्यालयको फेसबुक भित्ताबाट लिइएको हो।